# क्यानोला (Rapeseed/Mustard/Canola), भटमास तथा मकै लगायतका जीएमओ सम्भाव्य वस्तुहरुको पैठारी सम्बन्धमा अत्यन्त जरुरी सुचना

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७८/०१/०५ को माननिय मन्त्रीस्तरीय निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत बिरुवा संरक्षण ऐन, २०६४ तथा नियमावली, २०६६ आकर्षित हुने सामग्रीहरुको नियमनको कार्य प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रबाट गर्ने कार्य साथसाथै निकासीकर्ता मूलुकहरुमा अनुवंश परिमार्जीत सामाग्री (GMO) हरुको व्यापक खेती भइरहेको सन्दर्भमा नेपालमा पैठारी हुने कन्साइनमेन्टहरुमा समेत GMO हुन सक्ने भएकोले सो बाट बिरुवा स्वास्थ्य तथा जैविक सुरक्षा समेतमा हुने जोखिम अत्यधिक रहेकोले सम्भाव्य विरुवाजन्य वस्तुहरुको Non- GMO प्रमाण पत्र पेश गरेर मात्र पैठारी गर्न अनुरोध गरिएको सबैमा अवगत नै छ ।

यस व्यवस्थाबाट नयाँ कन्साइनमेन्टहरुको लागि करार गर्ने, एल सी खोल्ने र पैठारीका प्रकृया अगाडी बढाउने कार्यमा अवरोध भएको र कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा यस केन्द्रमा समेत उक्त व्यवस्थाको सन्दर्भमा पुनर्विचार गर्न विभिन्न पैठारी कर्ताहरुबाट अनुरोध भइ आएको र मन्त्रालयबाट समेत राय तथा आवश्यक कार्यवाही सम्बन्धमा मिति २०७८/०५/२५ को पत्र प्राप्त भएको सन्दर्भमा केन्द्रबाट गठीत कार्यदलबाट प्राप्त राय सहितको प्रतिवेदनमा पेश भएको राय अनुसार तपसील बमोजीम गर्ने गराउने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

१. प्रशोधन विना सोझै मानवीय उपभोग (Direct Human Consumption) को लागि GM सम्भाव्य वालीहरुलाई Non- GMO प्रमाणपत्र बिना हाललाई अनुमति नदिने ।

२. अनुवंश परिवर्तीत वालीहरु उत्पादन गरिने राष्टहरुबाट पैठारी भएका क्यानोला (Rapeseed/Mustard/Canola), भटमास र मकै खुला रुपमा बजारमा विक्री वितरण हुँदा बिरुवा स्वस्थता तथा जैविक विविधता संरक्षणमा प्रत्यक्ष प्रभाव पर्न सक्ने जोखिम रहेकोले अर्को व्यवस्था नभएसम्मका लागि प्रशोधन पश्चात मानवीय उपभोगका लागि प्रयोग हुने तथा उप उत्पादन (By-Product/Oil Cake) लाई पशुआहारा उत्पादनको लागि मात्र उपयोग हुने शर्तमा क्यानोला (Rapeseed/Mustard/Canola) तथा भटमास र पशु आहार बनाउने प्रयोजनका लागि मात्र प्रयोग हुने शर्तमा मकै पैठारीका लागि प्रतिबद्धता पत्र सहित प्रवेश अनुमति पत्र माग भएको अवस्थामा सम्बन्धित पैठारीकर्तालाई प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रबाट प्रवेश अनुमति पत्र प्रदान गर्ने ।

३. नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत प्रवेश अनुमति पत्रजारी गर्दा यस्ता कन्साइनमेन्टको उद्देश्यमा "Commercial Processing " राखि प्रवेश अनुमति पत्र जारी गर्ने ।